'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत [२१]

वर्ष ४, अंक २ | बुद्ध सम्वत् २५६० | ने.सं. ११३६ गुँलाथ्व | वि.सं. २०७३ भाद्र २, गुन्ही पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

# अर्हत

त्रैमासिक

वर्ष ४ | अङ्क २ | पूर्णांक २१ | नेसं.११३६ गुंलाथ्व

शक सं. १९३८ | २०७३ भाद्र २| बुद्ध सं. २५६०

सल्लाहकार
रत्नसुन्दर शाक्य
जुनु बासुकला रंजितकार
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# सम्पादकीय

२५ सय वर्षअगाडि हत्या-हिंसा, चोरी-डकैती, झूटको खेती तथा मादक पदार्थ सेवन गर्नेजस्ता खराब आचरणहरूबाट त्यसबेलाको समाज ग्रस्त भएको कुरा बुद्धको पंचशील प्रार्थनाबाट पुष्टि हुन्छ। यदि त्यसबेलाको समाज स्वस्थ, अनुशासित र विवेकशील भएको भए बुद्धले पंचशीलको रचना गर्नुपर्ने आवश्यकतै रहदैन।

एकजनामात्रै पनि खराब व्यक्ति परिवारमा रहन गयो भने त्यो परिवारको चैन हराउँछ। त्यस्तै यही कुरा देश र समाजमा पनि लागू हुन्छ। खराब शासकको आचरणबाट देशमा शान्ति खल्बलिन्छ।शान्ति खल्बलिएको देश पछि परेको अनुभव हामीले गर्दैछौं।

महामानव गौतमबुद्धले प्रत्येक व्यक्तिको आचरणलाई स्वच्छ बनाउन समाजलाई पंचशील दिनुभयो। पंचशील व्यवहारमा लागू गराउन प्रयत्न गर्नुभयो।

बुद्धको युगपछि, वर्तमान हाम्रो युगमा पनि त्यसबेलाकै जस्तो समाज हामी भोग्दै छौं। हत्या-हिंसा, चोरी-डकैती, झूटको खेती, मापसे र लोभीहरूको बोलावाला समाजमा व्याप्त भएको अनुभव गर्दैछौं। त्यसकारण हामी नेपालीहरूको शान्ति हराएको छ। विश्वास हराएको छ। देश झन् झन् गरिबीको खाल्डोमा खस्दैछ। के अब हामीले बुद्धको पंचशील व्यवहारमा लागू गर्ने समय भएन र ? हामीलाई लाग्छ- शान्तिको लागि शासकदेखि शासित वर्गसम्मले प्रार्थना गर्नुपर्दछ – **'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'**। अस्तु

# सेवा गर्नु नै सही धर्म

मानिसको मृत्यु चार प्रकारले हुने गर्दछ । १) आयु सकेर २) कर्म सकेर ३) आयु र कर्म दुवै सकेर ४) दुर्घटना (अकाल) मृत्यु भएर ।

यहाँ कर्मक्षय भएर मृत्यु बारे अथवा कर्मक्षय भएको बेला धर्मकर्म अथवा परोपकार हुने राम्रो काम गरेर कर्म थप्न सकिन्छ । आयुक्षय भएको बाँच्न सक्ने कुनै उपाय छैन । औषधी गरेर वा धर्मकर्म गरेर बाँच्ने छैन । अपवाद स्वरुप धर्म ग्रन्थमा पालि अर्थकथामा पनि आयु क्षय अवस्थामा धर्मकर्म गरेर आयु बढेको कथा पढ्न पाइन्छ । यो पुरोहितवादको कथा हो ।

यहाँ परोपकार गरेर क्षय भएको कर्म थप्न सक्नेबारे पाली साहित्यको आधारमै लेख्दैछु । बौद्ध साहित्य अनुसार दियोमा तेल सिद्धिंदा थप्न भए जस्तै कर्म सिद्धिइ सकेकोलाई धर्मकर्म गरेर कर्म पनि थप्न सकिन्छ र उदाहरणको लागि एउटा कथा अगाडि राख्छु ।

पहिला-पहिलाको कुरा हो । एक दम्पतीको एउटा छोरो थियो । उसलाई टाढा एउटा ठाउँमा गुरुकुल (छात्रावास) मा राखेर पढाइ राख्यो । त्यहाँ पढाउने गुरु नक्षत्र वा ज्योतिषशास्त्रमा पारंगत भइ सकेको थियो । उसले बच्चाहरूको मुख हेरेर 'कति बाँच्ने रहेछ' भन्न सक्ने रहेछ ।

एकदिन पढाइ रहेको बेलामा त्यही केटाको मुख हेरेर विचार गऱ्यो गुरुले - यो केटा सातदिन मात्र बाँच्छ । कर्मक्षय भैइसकेको छ । यहीं मऱ्यो भने यस स्कूलको नाम जान्छ । बदनाम हुन्छ । त्यसैले उसलाई घर पठाई दिनु पऱ्यो । यस्तो मनमा सोचेर त्यस केटालाई बोलाएर भन्यो - 'बाबु, तिम्रो आमाबाबुले एउटा चिठ्ठी पठांउनु भएको छ । तिमीलाई छिट्टै घर आउ रे । केटोलाई हो भन्ने लाग्यो । उसले भन्यो -'त्यसो भए गुरु म जान्छु । मसँग बाटो खर्च छैन ।



ले.भिक्षु अश्वघोष

त्यस केटाको घर पुग्न चार दिन लाग्थ्यो । गुरुको मनमा थियो - चारदिन पछि ऊ घर पुग्ने छ अनि त्यसको तीनदिन पछि ऊ मर्छ । गुरुले बाटो खर्च र खानेकुरा दिई पठायो ।

केटो सरासर गइरहेको थियो । जंगलभित्र एक ठाउँमा एकजना साधु महात्मा रुखबाट खसेर बिग्रेका फलहरू बटुलिरहेको देख्यो । केटोले रुखमा राम्रा राम्रा फलहरू फलिरहेको देख्यो । साधु महात्मासंग सोध्यो -रुखमा राम्रा फलहरू भएर पनि

तपाई किन ती बिग्रेका फलहरू बटुलिरहनु भएको हं ?

महात्माले भन्यो - कसैले नदिएसम्म नलिनु हाम्रो नियम हो । यी खसेका फलहरू रुखले दिएको हुनाले बटुलिरहेको हुँ । केटोले भन्यो - मैले टिपेर दिएँ भने लिन हुन्छ कि हुन्न ? तिमीले टिपेर दिए किन नलिनु । साधु महात्माले भन्यो । केटोले उसको डालो लिएर, रुखमा चढी राम्रा राम्रा पाकेका फलहरू टिपेर महात्मालाई दियो ।

त्यो महात्माले विचार गर्‍यो - थुप्रै मानिसहरू यहाँ आउँछन्, जान्छन् तर कसैले मलाई वास्ता गर्दैनन् । यो केटामा कस्तो धर्म चेतना भएको ! महात्माले केटोलाई 'जय होस् दीर्घायु होस्' भनेर आशीर्वाद दियो ।

केटो पनि खुशी भयो । उसले पोखरीमा पानी सुकिराखेको देख्यो । माछा छट्पटाइ रहेका शिए त्यसमा उसले ती माछाहरूलाई पानी भएको पोखरीमा राख्न चाह्यो । यताउता खोज्न जाँदा एक ठाउँमा एउटा पोखरी भेटिएछ र उसले ती माछाहरूलाई त्यहाँ लगेर राख्यो । माछाहरू पुच्छर चलाएर नाचेको देख्दा त्यस केटोलाई खुब मज्जा लाग्यो । हिंड्न थाल्यो । उफ्रंदै ।

खोलामा पुगेपछि उसले एउटा बाँसको पुल देख्यो । त्यो पुल बिग्रीसकेको थियो । त्यसबाट हिंडेमा कुनै पनि बेला त्यो पुल खोलामा खस्थ्यो । कतैतिर बाँस होला कि भनेर यताउता खोज्न गयो ।

चार पाँच वटा बाँस खोजेर ल्याएर त्यस विग्रेको पुललाई नयाँ बनाइ दियो । बटुवाहरूले जयहोस् दीर्घायुहोस् भनी आशीर्वाद दिए ।

त्यहाँबाट ऊ सरासर घर गयो । आमा चाँहि घर बाहिर बसिरहेकी थिई । उसलाई देख्ना साथ भनी हाली -'ए लुच्चा पढ्न सिद्धिएको छैन, किन फर्किस् ? बदमाश भएकोले गुरुले पठाइ दियो कि ?

केटोले भन्यो - आफूहरूले नै घर छिट्टै आउनु' भनेर चिठ्ठी पठाउने फेरि मलाई नै लुच्चा भन्ने ?' हामीले चिठ्ठी पठायो भनेर कसले भन्यो ? आमा चाहिले भनिन- गुरुले भनेको तिम्रो आमाबुबाले तिमीलाई हेर्न उत्सुक भइरहेको छ, तिमी छिट्टै घर आउ रे । केटोले जवाफ दियो ।

आमा चाँहिलाई छोराको रुप देखेर माया लाग्यो । छोरा दुब्लाएको रहेछ । त्यसैले पठाईदिनु भएको होला भन्ने विचार गरिन् । छोरोसंग सोधिन् खाना मिठो छैन ? केटोले जवाफ दियो - त्यतिका केटाहरू भएको गुरुकुलमा पनि खाना मिठो होला त ? भैगो त ! एक महिना जति बसेर मीठो खाना खाएर मोटाएर जाउ । आमा चाँहिले भनिन् ।

गुरुको शास्त्र अनुसार केटो सात दिन पछि मर्नुपर्ने एक महिना बित्दा पनि मरेन । यो कुरा केटोलाई पनि थाहा थिएन र केटोको आमाबाबुलाई पनि थाहा थिएन ।

एक महिना पछि केटो फेरि गुरु कहाँ गयो । गुरुले टाढै देखि त्यो केटो आइरहेको देख्यो । उसले यो घटना साँच्चै भइरहेको हो वा सपना मात्रै हो छुट्याउन सकेन भूत भएर आएको त होइन ? मेरो शास्त्र भूठो त हुन सक्दैन । के भएको हो, बुझ्न नसकेर वाल्ल परिराख्यो । फेरी विचार गर्‍यो - त्यो केटोले धर्म गर्‍यो होला, त्यसैले यसको सिद्धिएको कर्म फेरि थप्यो । केटो अगाडि आएर टाउको निहुर्‍याएर नमस्कार गर्‍यो । गुरुले सोध्यो -

तिमीले के धर्म गरेर आयौ ?

केटोले भन्यो - केही पनि धर्म गरेर आएको छैन । गुरु झन लाटो भयो । फेरि भन्यो - तिमीले पक्कै पनि धर्म गरेर आएको छ । पाप गरेको भए पो लाज मान्नुपर्छ । धर्म गरेर पनि भन्नलाई लाज मान्नुपर्छ ? केटोले धरोधर्म कुनै पनि धर्म गरेर आएको छैन भनेर किरिया नै हाल्यो । गुरु झन पक्क भयो । फेरि भन्यो - त्यसो भए तिमी यहाँबाट गएदेखि तिमीले के के गऱ्यौ मलाई भन !

केटोले आफू जाँदा बाटोमा महात्मालाई फलहरू टिपी दिएको, माछाहरूलाई पोखरीमा राखिदिएको र बिग्रिसकेको पुल बनाईदिएको जस्ता सबै कुरा सुनायो । घरमा आमाबुबाको पनि राम्रो सेवा गरें । यहाँ आउनु अगाडि मलाई केही पनि गर्न आउन्नथ्यो । बदमाश भनू वा अट्टेरी भएकोले मलाई यस छात्राबासमा राखिदिएको हो । मेरो स्वभाव बदलिएको देखेर मेरा आमाबुबा औंधि खुशी छन् । उनीहरूको मनमा थियो कि पैसा खर्च गरेर यहाँ पठाए झै छोरो पनि ज्ञानी भयो ।

यस्तो कुरा सुन्ने बित्तिकै गुरूले भन्यो - तिमीले त धेरै धर्म गरेर आयौ । जंगलमा साधु महात्मालाई फलहरू टिपी दिएको, माछाहरूलाई पोखरीमा राखिदिएको, बिग्रेको पुल बनाइदिएको यी सबै धर्म हो । सब भन्दा ठूलो धर्म त तिमीले आमाबाबुको सेवा गरेर आयौ । तिमी त कर्म सिद्धिसकेको मान्छे, धर्म गरेकोले बच्यौ ।

केटोले भन्यो - यस्तो काम पनि धर्म हो त ? म त फूल, धूप, चामल आदि राखेर देउताको पूजा गर्नु मात्र धर्म, होमयज्ञ गर्नु मात्र धर्म हो भन्ठानेको थिएँ ।

गुरुले भन्यो - पूजा गर्नु भनेको साँच्चै धर्म होइन । त्यो त देखावटी धर्म हो । अरुको उपकार हुने काम गर्नुलाई धर्म भनिन्छ । आजकाल आमाबाबुलाई वास्ता नगर्ने छोराहरू छन् । सबै त होइनन् । तिमीले आमाबुबाको सेवा गरेर खुशीपारेर आयौ । आमाबुबाको आशीर्वाद लाग्यो तिमीलाई । यो कथामा कर्म सिद्धिसकेकाहरूलाई धर्म कर्म गरेर बचाउन सकिन्छ भन्ने कुरा स्पष्टसँग देखाएको छ ।

धर्म कर्मको साथ साथै औषधी पनि गर्नु पर्दछ । आयु र कर्म दुवै बलियो भएतापनि लापरवाहिको कारणले क्यान्सर जस्तो रोग हुँदा विदेशमा गएर उपचार गराउनु पर्छ । गरिवहरू अकालले मर्न सक्दछन् । त्रिशुलीमा बस्नु भएको भिक्षु मेधंकरलाई पेटमा क्यान्सर हुँदा बैंकक लगियो । त्यहाँ औषधी गरेर एक हात जति आन्द्रा काटेर नक्कली आन्द्रा राखेर बचायो । पर्खालबाट खसेर उहाँ अकस्मात निधन भयो ।

बनेपाको ध्यानकुटीमा बस्ने श्रामणेर कवीन्द्रलाई पनि क्यान्सर भएको थियो । नेपालको डाक्टरहरूले उहाँ छ महिना मात्र बाँच्छ भनेको थियो । तर उपचारार्थ बैकंक जानुभयो । वहाँ तीन चार वर्ष सम्म बाँच्न सफल हुनुभयो । त्यहाँ उपचार गराउँदा इन्जेक्सन एउटाको दुईहजार पर्छ भन्यो । यहीं नेपालमै बसिराखेको भए साँच्चै नै औषधी पनि गराउन सक्दैनथ्यो, डाक्टरले भने जस्तै छ महीनाभित्रै मरिसक्थ्यो होला । श्रामणेर कविन्द्रको शील स्वभाव मात्रै राम्रो होइन, भनेको कुरा पनि मान्नु हुन्छ, अनुशासनमा प्रिय थियो । अरुहरूको भनाई छ - 'उसको धर्म बलियो भएकोले नै ऊ चार-पाँच वर्ष बढी बाँच्न सक्यो ।' त्यसैले हामीलाई धर्म पनि चाहिन्छ पैसा पनि चाहिन्छ ।

# बुद्धको उपदेशःकल्याणकारी सन्देश

◆ घनश्याम राजकर्णिकार

एक समय भगवान् बुद्ध नालन्दामा बसिरहनु भएको थियो । उहाँ बस्नु भएको बिहारमा एक दिन असिबंधक भन्ने एक जना युवक रुँदै आए । यो देखी बुद्धले उसलाई 'छोरा के भयो किन रोएको' भनी सोध्नुभयो ।

"भगवान् हिजो मेरो बुबा बित्नु भयो । म टुहुरो भएँ " भन्दै फेरि रोए ।

"तिम्रो बुवा मात्र होइन, एकदिन सबै मर्नु पर्छ, सबैको त्यही गतिहुने हो, किन रोएको ? रोएर तिम्रो बुवा फर्केर आउदैन्, आउँछ र ?"

"भगवान मलाई थाहा छ, रोएर केही हुने होइन । उहाँ मलाई धेरै माया गर्नु हुन्थ्यो । उहाँले राम्रो गति नपाउनु होला भन्ने पीर लागिरहेछ । त्यसैले मेरो बुवाको सदगतिको लागि प्रभु शास्ताले केही गरिदिनुपर्‍यो ।"

"तिम्रो दिवंगत पिताको लागि त्यस्तो मैले के गर्न सक्छु र ?"

"भगवान् ! पण्डा, पूजारी, पुरोहित, धर्म गुरुहरूले दिवंगतहरूको कल्याणको लागि उनीहरूको सद्गतिको लागि विभिन्न थरिका क्रिया-कर्महरू गराउने गर्छन् जसबाट उनीहरूले स्वर्गमा ठाउँ ओगट्न पुग्छन् भन्छन् । भगवान् ! हजूर त करुणा सागर हुनुहुन्छ, हजूरको ख्याती चारैतिर फैलिएको छ । हजूरले म उपर दया गरी मेरा दिवंगत बुवाको लागि केही गरिदिनोस् जसले गर्दा उहाँलाई स्वर्ग प्राप्त होस् । "

भगवान् बुद्धले युवक असिवंधकलाई उपदेश दिएर वा सम्झाएर सम्झाउन नसक्ने देखेर तथा उसको मानसिक स्थितिलाई हेरेर भन्नुभयो,

"ठीक छ छोरा, त्यसो भए दुई ओटा माटोको स-साना घैंटा, एक एक हात लामो दुई टुक्रा सेतो कपडा र तीन हात लामो बाँसको एउटा लठ्ठी ल्याउनु र साथै अन्दाजी तीनचार मुठ्ठी घ्यू र कंकड पनि ल्याउनु ।"

बुद्धको यस्तो आदेश पाए पछि आफ्नो दिवंगत पिताको सद्गतिको लागि भगवान् बुद्धले केही गर्दै हुनुहुन्छ भनी खुशी हुँदै उपर्युक्त सामानहरू किन्न दौडिए र केही बेरपछि लिएर आए । भगवान् बुद्धले एउटा घैंटोमा कङकड पत्थर र अर्कोमा घ्यू राख्न लगाई दुवै घैंटोको माथिल्लो भागहरू सेतो कपडाले छोपी बाढ्न लगाए । त्यसपछि ती दुवै घैंटोलाई नजिकैको जलाशयमा राख्न लगाई बुद्धले-ल छोरा यी दुवै घैंटालाई बाँसको त्यो लठ्ठीले हानी फुटाल्नु ! भन्नुभयो ।

दुवै घैंटा फुटाल्न साथ आफ्नो दिवंगत

पिताले स्वर्ग प्रवेश गर्न पाउने भए भन्ने विचारले युवक खुशीले गद्गद् हुँदैथिए । बुद्धको आज्ञानुसार युवकले दुवै घैंटाहरू फुटालिदिए । घैंटाहरू फुटनासाथ एउटा घैंटाको घ्यू पानी बाहिर तैरियो र अर्को घैंटाको पत्थर चाहिँ लगतै पानीभित्र डुब्यो ।

भगवान् बुद्धले मुसुमुसु हाँस्नु हुदै युवक असिबंधक लाई भन्नु भयो, "ल छोरा, मैले जानेसम्मको यति क्रिया त गराएँ, अब पण्डा पुरोहित बोलाई तन्त्र-मन्त्र, विधि विधान अनुसार घ्यूलाई पानीभित्र डुबाउने र पत्थरलाई पानीको सतहमा उतार्ने काम गर्न लगाउनु ।"

बुद्धको यस्तो कुरा सुनी युवकले फिसिक्क हाँस्दै भने-

"हजूर पनि कस्तो मजाक गर्दै हुनुहुन्छ, कस्तो हँस्यौली कुरा भन्दै हुनहुन्छ । पानी भन्दा गऱ्हुगो पत्थरलाई लाख प्रयत्न गरेपनि पानी बाहिर उतार्न सकिदैन् । त्यस्तै पानी भन्दा हलुको घ्यूलाई पानीभित्र डुबाउन सकिन्न । यो त प्रकृतिको नियमै हो ।"

बुद्धले मुसुमुसु हाँस्दै भन्नु भयो-

"हे विवेकशील युवक, तिमीले ठिकै भन्यो । पत्थरलाई पानी माथि आउ, पानी माथि आउ, अनि घ्यूलाई पानी भित्र डुब्नु भनी जति सुकै मन्त्र फलाके पनि वा कुनै पनि प्रकारको कर्म काण्ड गरे पनि यो सम्भव छैन । पानी भन्दा गऱ्हुगो पानीभित्र डुब्छ र पानी माथि तर्छ ।

यो प्रकृतिको नियम हो जुन तिमिलाई राम्ररी थाहा रहेछ । तर तिमीले के थाहा पाएनौ भने यदि तिम्रो पिताले जीवितास्थामा राम्रो पुन्य कर्म गरेका थिए भने घ्यूलाई पानी भित्र धकेलेर राखि राख्न नसकिने झै कोही कुनैले पनि नर्कमा धकेलेर राख्न सक्दैन । त्यस्तै यदि उनले जीवनमा पापकर्म तथा दुष्कर्म गरेका थिए भने पानीमा डुबेको पत्थर सरह उनको दुर्गति नै हुन्छ, ढुङ्गालाई पानीको सतहमा तैरी राख्न नसके झै कोही कसैले उनलाई सद्गति दिलाउन सक्दैनन् ।

यी सबै प्रकृतिको नियम हो । हाम्रो जीवन पनि प्रकृतिको नियममा चलिरहन्छ । प्रकृतिको नियमलाई हामीले आत्म साथ गर्नुपर्छ । सद्विचार, सद्धर्म सद्कर्मले यस लोकमा होस् वा परलोकमा हाम्रो कल्याण हुने गर्छ भने यसको विपरित कुविचार कुर्क, कुबाटोले हामीलाई यस लोकमा मात्र होइन परलोकमा पनि हाम्रो दुर्गति भइछाड्छ । त्यसैले हे भद्र ! हर समय हर परिस्थितिमा पुण्यकर्ममा अग्रसर हुनुपर्छ, शील सदाचारको जीवनमा लाग्नु पर्छ । पाप कर्मबाट अलग हुनुपर्छ ।

यस्ता सद्कार्यले हामी पवित्र हुन्छौं, धार्मिक बन्छौं । तर क्रोध गर्नु, नशालु कुरा खानु, दुराग्रही हुनु, इर्ष्यालु बन्नु, घमण्डी हुनु भनेको पापकर्म सञ्चय गर्नु हो । त्यसैले हे भद्र ! पण्डा पुजारी, तान्त्रिक वा ज्योतिशहरूले तिमीलाई मुक्त पार्न सक्दैनन् । आफ्नो कल्याणको लागि तिमी आफै अग्रसर हुनु पर्छ । शील सदाचारको जीवनले नै यस लोकमा होस् वा परलोकमा तिम्रो सुगति अवश्यमेव हुने गर्छ । यही प्रकृतिको नियम हो ।"

भगवन् बुद्धका यस्ता ज्ञानगुणका उपदेश सुनेपछि असिबंधकको चेतना खुल्यो र तत्कालै बुद्धप्रति असिम श्रद्धा अभिव्यक्त गरे ।

# श्रद्धेय संघनायक, अग्ग महासद्धम्म जोतिक धज, भिक्षु अश्वघोष महास्थविरको जीवनी तथा बुद्ध शासनिक योगदानबारे एक चर्चा-१

✍ कृष्णकुमार प्रजापति, नगदेश बुद्ध विहार

**१.जन्म :** श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविरको जन्म ने.सं. १०४७ तछलाथ्व-१३, बि सं. १९८४ जेष्ठ ३१, सोमबारका दिन ऐतिहासिक नगरी ललितपुर, पाटनको ओकुबहाल स्थित पिता चन्द्रज्योति शाक्य तथा माता लक्ष्मीमाया शाक्यको कोखबाट कनिष्ठ पुत्रको रुपमा भएको थियो। बौद्ध कुलीन परिवारमा जन्मेको नाताले वहाँको गृहस्थ नाम रहन गयो "बुद्ध रत्न शाक्य" भनिकन।

**२. वैवाहिक स्थिति :** त्यसबेलाको चलन अनुसार एवं परिस्थितिजन्य घटनाले गर्दा दाजु चन्द्रदेवको विवाह सँगसँगै आमाको जिद्धिपनले गर्दा ११, १२ वर्षको कलिलो उमेरमा बुद्धरत्न शाक्यले पनि प्रणयन सूत्रमा आबद्ध हुनु परेको थियो आशामाया शाक्य सित। वैवाहिक जीवन यापन गरेको ४-५ वर्ष भैसक्दा पनि सन्तान भएको थिएन। त्यसैबेला आफ्नो धर्मपत्निसित



प्रव्रज्या हुनको लागि अनुमति लिन जाँदा खुशी भएर स्विकृति दिएको समेत संस्मरण गर्नु हुन्थ्यो। यसर्थ वहाँ आफ्नो धर्मपत्निप्रति सदा कृतज्ञ हुनु भएको छ।



ले. कृष्णकुमार प्रजापति

**३. प्रव्रजित जीवन यापन :** श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको प्रव्रजित हुने प्रेरणाको श्रोत भनेकै वहाँकै ममतामयी माता लक्ष्मीमाया शाक्य नै हुन्। वहाँले भिक्षुहरूको सरल जीवन एवं दिवंगत श्रद्धेय संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरज्यूको "भगवान् बुद्ध वरदान दिने देवता होईन, बरु हामी जस्तै मानव नै हो" भन्ने उपदेशबाट प्रभावित भै बुद्ध शासनमा प्रव्रजित हुनु भएको थियो।

वहाँको ममतामयी माता लक्ष्मीमाया शाक्यले एक दिन एक जना शान्त दान्त स्वभाव भएका, ईन्द्रिय संयमी भिक्षुको हातमा कालो गोलो

पात्र लिई भिक्षान्न माग्दै आउनु भएको शान्तमूर्तिरुपी श्रद्धेय भिक्षुप्रति ध्यानाकर्षित भई अर्को दिन वहाँ भिक्षुलाई घरमै भोजन आमन्त्रण गर्नु भएको थियो। वहाँको धर्म प्रवचनबाट प्रभावित भई आमा लक्ष्मीमायाको मन थेरवादी भन्तेहरूप्रति श्रद्धाका साथ झुकाव एवं लगाव रहन गएको थियो। सो भोजनको परिदृष्यबाट कुलपुत्र बुद्धरत्न शाक्यमा पनि भिक्षु हुने उत्साह भयो। बुद्धरत्न शाक्यको मनमा पनि भिक्षु हुने विचार भावको अभ्युदय निम्न प्रमुख कारणहरू हुन पुग्यो :-

- गृहस्थ झन्झटबाट ठ्याम्मै मुक्ति प्राप्त गर्न,
- राम्ररी र उच्चस्तरमा अध्ययन एवं गहन तवरले वृहत कुरो जान्न,
- देश विदेशमा सुगम ढंगले यात्रा गर्न र
- दु:खबाट मुक्त हुन र मुक्त हुने मार्गमा लाग्न।



वहाँलाई प्रव्रजित भै जीवन यापन गर्न ममतामयी आमाले सहर्ष अनुमतिका साथ ठूलो प्रेरणा समेत दिनु भएको थियो, तर पितृस्नेही बुबाले त्यति सहज ढंगले अनुमति दिनु भएन। बुद्ध शासनमा प्रव्रजित जीवन यापन गर्न अगावै मातापिता एवं आफूमा आश्रित धर्मपत्निको समेत अनुमति लिनु पर्दथ्यो। बुबासित अनुमति माग्न जाँदा पटक्कै कुरो सुन्नु भएन र यसरी भन्नु भएको वहाँ संस्मरण गर्नु हुन्थ्यो, "मेरो दुईटा लौरो छ, नदी पार गर्दा गर्दै कथंकदाचित एउटा लौरो बगाएर लगेपनि अर्को लौरोले भरोसा दिनेछ। त्यसैले तिम्रो दाजु जवानीको सूरमा घरको कामकाजमा राम्ररी ध्यान दिइरहेको छैन। तिम्रो भरोसा लिइरहेको छु। तिमी प्रव्रज्या होला भनी सपनामा पनि चिताएको छैन।

मबाट तिमीलाई कहिल्यै पनि भिक्षु हुने अनुमति प्राप्त हुने छैन।" कुलपुत्र बुद्धरत्न शाक्यले आफ्नो जिद्दीपन नछाडी भिक्षु हुने र घर गृहस्थीमा बस्दै नबस्ने जिकिर लिइ नै रहे। भरसक बुबालाई अनेक तवरले सम्झाउने कोसिस समेत गरिरहेका थिए। अन्तत: उनको गृह त्याग गर्ने प्रबल दृढता देखेर पितृस्नेही बुबाले केही भन्न सकेनन्। आँखाबाट आँशु झारी यसरी भन्नु भएको थियो, "त्यसो भए तिमीले हेरेर गर्नु।" घरमा आमाबुबा र धर्मपत्निसित अनुमति लिएर विहारमा पुग्नु हुँदा वहाँले अनुमति प्राप्त गरेको बारेमा संशय गरी श्रद्धेय भिक्षु धम्मालोक र अमृतानन्द महास्थविर स्वयं बुद्धरत्न शाक्यको घरमा जानु भई वहाँको श्रीमती आशामाया शाक्यसित सोध्नु भएको थियो, ...ल, तिम्रो श्रीमान् भिक्षु बन्ने रे 'तिमी छोडेर पठाउन सक्छौ ?' त्यतिखेर आशामाया शाक्यले भनेकी थिइन्, "घरमा बस्दै नबस्ने भन्नेलाई कसले

समातेर राख्न सकिन्छ ? जाने भए छोड्न सक्छु ।"

यसरी मातापिता र वहाँको जीवनसंगिनीले श्रद्धेय द्वय भिक्षु सामू अनुमति दिएपछि वहाँ लाई प्रव्रजित जीवन यापन गर्न सहज र सुगम भएको थियो । तत्पश्चात शान्तिका महानायक, महाकारुणिक, तथागत, गौतम बुद्धको महापरिनिर्वाण भएको अति नै चीर संवेजनीय स्थल "कुशीनगर"मा श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरसित प्रव्रजित हुन जानु भएको थियो । त्यतिबेला नेपालमा मोटर चल्ने बाटोघाटोको सुविधा नभएकोले थानकोटबाट चन्द्रागिरी पर्वत चढेर भीमफेदी पुग्नु भएको र त्यहाँका उपासक द्वारिका प्रसादको घरमा बास बसी खानपिन गरी भोली पल्ट अमलेखगंजसम्म हिडेर जानु भएको थियो भने त्यसपछि रेलमा बसी कुशीनगर पुग्नु भएको थियो, जुनबेला हिन्दुस्थानमा लडाई भई रहेको थियो । पवित्र स्थल कुशीनगरमा पुगेपछि श्रद्धेय भिक्षु ऊ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा तथा श्रद्धेय भिक्षु अमृतानन्द महानायक महास्थविरको आचार्यत्वमा ई.सं. १९४४ जनवरी, बि.सं. २००० पौष महिनामा गृहस्थ नाम बुद्धरत्न शाक्यबाट "श्रामणेर अश्वघोष" नामांकरण गरी प्रव्रजित गराउनु भएको थियो । त्यतिबेला श्रामणेर अश्वघोषको उमेर १६ वर्षको हुनुहुन्थ्यो । वहाँ प्रव्रजित भै वाराणसी पुग्नु भएको बेला वहाँको सासु ससुरो वाराणशी (वनारस) सम्म पुगी वहाँलाई घर फर्काउन आउनु भएको थियो । तर वहाँको प्रव्रजित भेषबाट निराशा भई दु:खी भएर फर्कनु भएको वहाँ सदा सम्झनु हुन्छ ।

*क्रमश...*

प्रो. राजन शाक्य
मो.९८५१०५७७४७
फोन नं. ६६१३५५८

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित
अर्हत् त्रैमासिकको निरन्तरताको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछ ।

**आर.एस. सुन चाँदी पसल**

गोल्मढी, पलिखेल, भक्तपुर

विभिन्न किसिमका हिरा, सुन, चाँदीका
गरगहनाहरु तयारी चाहिएमा वा अर्डरबमोजिम
ग्यारेन्टीका साथ समयमा नै तयार गर्नु परेमा
हामीलाई सम्झनुहोस् ।

✠ छतमा यात्रुराखी सञ्चालन नगराऔं,
ढोका बन्द गरी सञ्चालन गरौं ।
✠ झुण्ड्याएर यात्रा नगराऔं, ट्राफिक
नियम पालना गरौं ।
✠ लेन अनुसार गाडी सञ्चालन गरौं ।

*अध्यक्ष*

ज्ञानेन्द्र महर्जन

**भक्तपुर मिनिबस सेवा समिति**

भक्तपुर दूधपाटी-१७, भक्तपुर

# आचार्य धर्मानन्द कौशाम्बी

◆ रत्नसुन्दर शाक्य



भारतमा पालिभाषा र साहित्यका प्रकाण्ड विद्वान्हरूमा पूर्वीबंगाल (फरीदपुर) निवासी महामहोपाध्याय सतीशचन्द्र विद्याभूषणपछि आचार्य धर्मानन्द कौशाम्बीकै नाम प्रमुख हुन आउँछ।

वहाँको जन्म त्यसबेला पुर्तगाली प्रदेश गोवाको 'सखवल' भन्ने आउँमा ९ अक्टोबर १८७६ का दिन भएको थियो। गोवामा सरकारको तर्फबाट कुनै किसिमको शिक्षाको प्रबन्ध थिएन। जसोतसो गरी वहाँले गाउँको आसपासमा रहेको एक प्राइमरी स्कूलमा अध्ययन गर्नु भयो।

विशेषत: वहाँले आफ्नै परिश्रमले मराठी ( मातृ-भाधा) किताबहरूको अध्ययन गरी आफ्नो ज्ञान बृद्धि गर्नुभएको थियो। यसै क्रममा वहाँले 'बाल-बोध' नामक एक मासिक पत्रिकामा भगवान् बुद्धको एक संक्षिप्त जीवनी पढ्नुभएको थियो।

यसैबाट प्रभावित हुनुभई वहाँले बुद्धधर्मको अध्ययन गर्ने तीब्र जिज्ञासा उठाउनुभयो जसको फलस्वरुप सन् १८९९ (२३ वर्षको उमेर) मा आफ्नो सहधर्मीणीलाई छोडी पूनामा प्रस्थान गर्नुभयो। पूनामा वहाँले सुप्रसिद्ध संस्कृत विद्वान् डा. रामकृष्ण भण्डारकरलाई भेट्नुभयो। वहाँकै प्रोत्साहन र प्रेरणाबाट संस्कृतको अध्ययन शुरुगर्नु भयो। त्यहाँबाट सन्तोष नभई वहाँ ग्वालियर र वनारससम्म पनि आई संस्कृतभाषा र साहित्यको ज्ञानलाई तीव्र पार्नुभयो। संस्कृतको प्रधान तीर्थस्थल काशी ( वनारस) मा वहाँले भिक्षावृत्तिको भरोसाबाट संस्कृत साहित्यको अध्ययन गर्नुभएको थियो।

संस्कृत-साहित्यमा ३ वर्ष बिताउनुभएपछि वहाँले आफ्नो असली संकल्प अनुसार बुद्ध-धर्मको ज्ञान हासिल गर्ने मनसायले बुद्धको जन्मस्थल नेपालमा बौद्ध विद्वान्हरू अवश्य होलान् भन्ने विचारले २ फरवरी १९०२ का दिन वहाँ नेपाल पुग्नुभयो। १० दिनसम्म नेपालमा रहेर पनि वहाँले कुनै एक बौद्ध भिक्षु वा बौद्ध विद्वान्लाई पाउन सक्नुभएन। अत: वहाँ निराश भई स्वदेश फर्कनुभयो। नेपालबाट फर्की वहाँ बुद्धगया जानु भयो जहाँ वहाँको दर्शन चन्द्रज्योति महास्थविरसित भयो, जसले वहाँलाई बौद्ध-शास्त्र या त्रिपिटक ग्रन्थको अध्ययन गर्न श्रीलंका जाने सल्लाह दिनुभयो। वहाँकै प्रेरणामा 'कलकत्ता महाबोधि सभा'को सहायताबाट सन् १९०२ को मार्च महिनामा वहाँ कोलम्वो' पुग्नुभयो।

कोलम्बोमा वहाँले विद्योदय परिवेणका प्रधानाचार्य हिक्कडुवे सुमंगल महास्थविरकहाँ रही पालिग्रन्थको अध्ययन शुरु गर्नुभयो। संस्कृतभाषाको

ज्ञानले पूर्ण हुनुभएका कौशाम्बीलाई पालीभाषाको पठनपाठन गर्न कुनै अप्ठ्यारो भएन ।

वहाँले १० महिनासम्म पालीसाहित्यको अध्ययन पश्चात् सुमंगल महास्थविरकै आचार्यत्वमा श्रामणेर हुनुभयो । वहाँले पालीको साथसाथै अंग्रेजीसाहित्यको पनि अध्ययन शुरु गर्नुभएको थियो ।

वहाँको स्वास्थ्य अनुकुल त्यहाँको खाना नहुनाको कारण केही समयबाट नै वहाँ भारत फर्कनुभयो । मद्राससम्म पुगेको बेलामै वहाँको खर्च सिद्धिसकेको थियो । तसर्थ वहाँ मद्रासको एक आश्रममा आश्रित भइरहनुभएको थियो । ठीक त्यसैबेला केही वर्मीज विद्यार्थीहरू वर्मा फर्कन लागेकाहरूसित वहाँको सम्पर्क भयो । तीनै विद्यार्थीहरूको सहयोगले वहाँ पनि बर्मा प्रस्थान गर्नुभयो ।

वर्मा पुग्नासाथ वहाँ मोलमिन्मा गई एक विहारमा उपसम्पन्न हुनुभयो । त्यहाँ पनि वहाँलाई भोजनको उचित प्रबन्ध भएन, तापनि वहाँले ध्यानभावनाको अभ्यासको निमित्त त्यसताका बर्मामा निवास गरिरहनुभएका जर्मनका पहिलो भिक्षु ञाणतिलोक महास्थविर (सन् १८७८-१९५७) का साथ सन् १९०४ को अन्त्यतिर वर्माको उत्तरी प्रान्तमा जानुभएको थियो ।

सन् १९०४ को अन्तिम महिनामा वहाँ वर्माबाट भारत फर्कनुभयो । भारतमा पूरा २ वर्ष वहाँले भिक्षावृत्तिको सहायताबाट चारिका गर्दै रहनुभयो । त्यसैबेला वहाँले कलकत्तादेखि बम्बईसम्म यात्रा गर्नुभएको थियो । त्यसपछि वहाँ उत्तरी भारतको यात्रास्वरुप उज्जैन, ग्वालियर, सारनाथ र कुशीनगरआदि ठाउँमा भ्रमणको साथसाथै ध्यान-भावनामा पनि लाग्नुभएको थियो । यसैको सन्दर्भमा कुशीनगरको उजाड एवं जनशून्य खण्डहरूमा वहाँमाथि घटेको एउटा घटना प्रस्तुत गरौं -

वहाँ कुशीनगरमा रहनुभएको बेला कहिल्यै विहारमा रात बिताउनुभएको थिएन । दिनमा वहाँ आसपासको गाउँमा भिक्षाटन गर्न जानुहुन्थ्यो र रातमा परिनिर्वाण चैत्य (त्यसबेला प्राचीन अवशेषको रुपमा मात्र रहेको) माथि रही ध्यान-भावनामा मग्न रहने गर्नुभयो । एक रात जब वहाँ ध्यानमा मग्न भइरहनु भएको थियो, एक्कासी त्यस्तो कर्कश शब्द आयो कि वहाँको ध्यान भंग नै भयो । वहाँले देख्नुभयो कि दुइजना विरुप एवं बिशालकाय स्त्रीहरू एक आपसमा केश समाती मारपिट गरिरहेका थिए । वहाँले यो दृश्य देख्नासाथ ज्ञात गर्नुभयो कि यिनीहरू अवश्य पनि मनुष्य होइनन् । त्यस्तो कालो एवं भयानक रातमा, खण्डहरद्वारा भरिएको त्यस जंगलमा कुनै स्त्रीहरू आउने हिम्मत गर्न सक्दैनन् । कौशाम्बीले हेर्दाहेर्दै दुइटै अन्तरध्यान भएका रहेछन् । त्यसैले वहाँले त्यहाँ रहिरहनु उचित ठान्नुभएन र तत्कालै वहाँ उठेर बिहारमा जानुभएको थियो ।

कुशीनगरबाट वहाँ श्रावस्ती जानुभयो र श्रावस्तीबाट सारनाथ । सारनाथमा केही दिन रही वहाँ बुद्धगया जानुभयो । बुद्धगयाबाट राजगृह जानुभएको वेला वहाँले एक बर्मी भिक्षुको सहायता पाई पुनः बर्मा प्रस्थान गर्नु भयो । बर्मा पुगी माण्डलेमा केही समय - रही वहाँ मोलमिन जानुभयो । मोलमिनको एक विहारमा अभिधर्मका ज्ञाता भिक्षु पञ्ञासामीलाई संस्कृत व्याकरण सिकाई आफूले वहाँसँग अभिधर्मको अध्ययन शुरु गर्नुभयो ।

वहाँ भारत फर्कन लागेको बेला, भारतमा

विशुद्ध भिक्षु-जीवन बिताउन दुष्कर हुनाको कारण गुरुसित जनसाधारण (गृहस्थ) को रुपमा रहन अनुमति माग्नुभयो । गुरुको आज्ञा लिई वहाँ सन् १९०६ को जनवरी महिनामा कलकत्ता पुग्नुभयो । कलकत्तामा वहाँको परिचय प्रेसीडेन्सी कलेजका प्रोफेसर हरनाथ डेसित भयो, जो कलकत्ता विश्वविद्यालयबाट पालीमा एम.ए. गर्ने चाहन्थे । वहाँको आफ्नो कोर्समा 'अभिधर्म' पनि एक विषय थियो जसको अध्ययन वहाँ एक सुयोग्य पण्डितसित सिक्न चाहन्थे । यसैबेला धर्मानन्द कौशाम्बी कलकत्तामा आई नेशनल कालेजमा पालीभाषाको अध्यापक हुनुभएको थियो ।

त्यहाँबाट वहाँ प्रोफेसर हरनाथ डे र न्यायाधीश आशुतोष मुखर्जीको प्रयत्नबाट कलकत्ता विश्वविद्यालयमा प्रोफेसर हुनुभयो तर वहाँलाई यस विषयमा आत्मसन्तोष भएन किनकि विद्यार्थीहरूले पालीमा त्यति अभिरुची देखाएका थिएनन् । उनीहरू सिर्फ परीक्षा दिनको निमित्त मात्र अध्ययन गर्दथे । अत: वहाँले कलकत्ता छोड्ने विचार गरिरहनुभएको थियो ।

ठीक, त्यसैबेला बडौदाका नरेश सयाजीराव गायकबादको तर्फबाट एक पत्र आयो, जुन पत्रमा यी शब्दहरू उल्लिखित थिए-

'आप महाराष्ट्र के किसी भी शहर में रहे । आपको बडौदा सरकार से. ५० ।- मासिक मिलते रहेंगे । यस सहायता तीन वर्ष चालू रहेगा । हाँ, प्रतिवर्ष एकाध पुस्तक आप वडौदा सरकार के लिए तैयार कर देंगे ।'

यस विषयमा निकै सोच-विचार गरी वहाँले स्वीकृति दिनुभएको थियो जसबारेमा वहाँले उल्लेख गर्नुभएको छ -

'प्रतिमास २५०।- को कलकत्ता युनिवर्सिटीको नौकरी छोड कर ५०।- महावारका श्रीमन्त गायकबाड महाराजाका दिया वेतन स्वीकार करने मे मूझे कभी पश्चात्ताप नही हुआ । यह बेतन न स्वीकार करता तो डा. बुडस से परिचय न होता । पूना आकर रहने से डा. भण्डारकर से निकट सम्बन्ध स्थापित हुआ और उनके प्रयत्न से बम्बई युनिवर्सिटी में पालीको स्थान मिला ।'

महाराष्ट्रमा बुद्ध-धर्म तथा पालीभाषाको प्रचार-प्रसार गर्ने वहाँको विशेष इच्छा अनुरुप वडौदा नरेशको निमन्त्रणा पाई वहाँ बम्बई जानुभयो । त्यसैबेला अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिवर्सिटी (Harvard University) का प्रोफेसर डा. जेम्स एच. बुडस पालीको शिक्षा लिने उद्देश्य लिई भारत आउनुभएको थियो । बम्बईमा वहाँको परिचय धर्मानन्द कौसाम्बीसित भयो । परिचय स्नेहमा परिणत भयो । अत: वहाँ अमेरिका फर्कनुभई हार्वर्ड युनिवर्सिटीका संस्कृत विभागका अध्यक्ष प्रो. लैनमैन समक्ष कौशाम्बीको पाली पाण्डित्यको चर्चा गर्नुभयो ।

प्रो. लैनमैनकै आग्रहमा प्रो. जेम्स बुडसले धर्मानन्द कौशाम्बीलाई अमेरिका निमन्त्रित गऱ्यो । प्रोफेसर लैनमैन त्यसबेला 'विसुद्धिमग्गो' ग्रन्थको सम्पादन कार्यमा लागिरहनुभएको थियो । त्यस ग्रन्थको व्यवस्थित रुपमा सम्पादन गर्नको निमित वहाँलाई एक सुयोग्य पालीपण्डितको आवश्यकता भईनै रहेको थियो । अत: वहाँले तुरुन्तै धर्मानन्द कौशाम्बीलाई निमन्त्रणा गराएको थियो ।

कौशाम्बी पनि निमन्त्रणानुसार सन् १९१० मा महाराज सयाजीराव गायकबाडसित अनुमति लिई इङ्गलैण्ड हुँदै अमेरिका पुग्नुभयो ।

वहाँ अमेरिकाको हार्वर्ड युनिवर्सिटीमा पुग्नासाथ प्रो. लैनमैनका साथ 'विसुद्धिमग्गो' को सम्पादन कार्यमा अग्रसर हुनुभयो। कौशाम्बीले त्यस कार्यमा निकै परिश्रम गर्नुभयो तर प्रो लैनमैनको स्वार्थ-भावनाको कारण वहाँ सन् १९११ मै न्यूयोर्क (New york) बाट स्वदेश फर्कनुभयो।

प्रो. लैनमैनको स्वार्थ थियो ग्रन्थको मुखपुष्ठमा सम्पादकको नाममा आफ्नो मात्र नाम राख्न चाहनु। कौशाम्बीको आग्रह थियो कि त्यस ग्रन्थको निमित्त वर्षौदेखि प्रयत्न गर्दै आउनुभएका श्री वारेन (H.C Warren) नाममात्र मुख पृष्ठमा राख्ने र त्यसको अतिरिक्त लैनमैनको साथै आफ्नो पनि नाम राख्ने।

प्रो. लैनमैनले त्यस ठाक-ठुकको बेला गोली मार्ने समेत धम्की दिएको कुरा धर्मानन्द कौशाम्बीले भदन्त आनन्द कौशाल्यायनलाई बताउनुभएको थियो।

वहाँ स्वदेश फर्कनुभई सर रामकृष्ण भण्डारकरको तर्फबाट पूनाको फर्गुसन कलेजमा सन् १९१२ देखि १९१८ सम्म पालीको अध्यापक हुनुभएको थियो।

सन् १९१८ मा डा. वुड्सको आग्रहमा पुन: वहाँ अमेरिका जानुभयो श्री वारेनको (Warrarn) बसीयतनामा अनुसार 'विशुद्दिमार्ग' ग्रन्थ प्रकाशन गर्न सक्ने आशा लिई वहाँ यसपटक अमेरिका जानुभएको थियो तर प्रो. लैनमैनको दुराग्रहको कारण चार वर्षसम्म रहेर पनि त्यो कार्य पूरा हुन सकेन। त्यसकारण वहाँ सन् १९२२ मा भारत फर्कनु भयो।

वहाँ भारत फर्कनुभई कांग्रेसमा सक्रियरुपमा भाग लिनुभयो र महात्मा गान्धी (सन् १८६९-१९४८) द्वारा आरम्भित गुजरात विद्यापीठ (अहमदावाद) को पुरातत्व मन्दिरमा रहनुभई पालीभाषाको आचार्य पद सम्हाल्नुभयो।

त्यसबेलादेखि वहाँले दिनो-दिन राजनैतिक कार्यमा अभिरुची देखाउँदै जानुभयो र गान्धीको प्रत्येक कार्यमा पनि व्यस्त हुनुभयो।

त्यसैबेला (सन् १९२६) वहाँलाई फेरि अमेरिकाबाट निमन्त्रणा आयो। यसबेलासम्म प्रो. लैनमैनले पनि नोकरी छोडिसकेको थियो र 'विसुद्धिमग्गो' को सम्पादन कार्यमा केही गर्न नपाउने भयो। अत: धर्मानन्द कौशाम्बी तेस्रो पटक अमेरिका पुग्नुभई सम्पादनका सम्पूर्ण कार्य सिध्याई सन् १९२७ मा भारत फर्कनुभयो।

सन् १९२९ मा वहाँ रुसका सुप्रसिद्ध प्राच्यविद् डा. इचेवत्स्की (सन् १८६६-१९४२) को निमन्त्रणानुसार लेनिनग्राड (सेण्ट पिटर्सवर्ग) प्रस्थान गर्नुभयो। त्यहाँ कौशाम्बीले बौद्ध संस्कृतिको अध्ययनार्थ स्थापित संस्थामा विशेष कार्य गरी सन् १९३० को शुरुमा स्वदेश फर्कनुभयो।

त्यसबेला सारा भारतमा सत्याग्रह शुरु भइरहेको थियो। वहाँले पनि सन् १९३१ मा 'नमक सत्याग्रहमा भाग लिए वापत कारावासको अनुभव पनि प्राप्त गर्नुभएको थियो।

सन् १९३१ मै डा. जेम्स बुड्सले चौथो पटक वहाँलाई अमेरिकामा निमन्त्रण गर्नुभयो। यस पटकको यात्रा 'विसुद्धिमग्गो' अनुवाद गर्नको निमित्त थियो। वहाँ अमेरिका पुग्नुभई आफ्नो बेफुर्सतको कारण अनुवादको उत्तरदायित्व प्रो. जेम्स बुड्सर प्रो पी.बी. वापतलाई दिनुभई सन् १९३२ मै भारत फर्कनुभयो।

त्यस्तै पी.बी. वापत पनि विशेष कारणवश

अमेरिकाबाट भारत फर्कनुभई फर्गुसन कलेज पूनामा आउनुभयो। धर्मानन्द कौशाम्वी पनि अमेरिकाबाट रुस हुँदै भारत आइपुभएको थियो। यस पटक पनि वहाँले रुसमा आचार्य इचेर्वात्स्कोलाई भारतीय बौद्ध दर्शनको अध्ययनमा अमूल्य सहयोग दिनुभएको थियो। वहाँ भारत पुग्नासाथ 'विशुद्दिमार्ग' को अनुवादमा प्रो.बी. वापतलाई निकै सहायता दिनुभएको थियो।

सन् १९३४ मा वहाँ पूनाबाट बनारस आउनुभई ६ महिना काशी-हिन्दु विश्वविद्यालयमा अतिथिको रुपमा रहनुभएको थियो। त्यसपछि काशी विद्यापीठमा। विद्यापीठका सञ्चालकहरूले वहाँलाई एउटा कोठा पनि बनाइदिनुभएको थियो।

सन् १९३७ देखि वहाँ बम्बई, सारनाथ, बनारस, अहमदावाद आदि गाउँमा गरी ८, ९ वर्ष विताऊनु भयो।

जीवनको अन्तिम वर्षमा वहाँ विशेषरुपमा अस्वस्थ एवं दु:खी हुनुभयो। वहाँ झन झन दुर्बल हुँदै सारा शरीरमा खुजलाहतको कारण वहाँलाई रात विताउन नै मुश्किल हुँदै गएको थियो।

जीवनको अन्तिम समयमा वहाँले महात्मा गान्धीको दर्शन गर्न चाहनुभयो। अत: वहाँ गान्धीजीको सेवाग्राम आश्रम (वर्धा) मा जानुभयो। त्यसबेला महात्मागान्धी साम्प्रदायिक संकट शान्ति स्थापनार्थ पूर्वी वंगालमा प्रस्थान हुनुभएको थियो।

वहाँले ४ जून १९४७ का दिन, मध्यान्हको बेला आफ्नो एकमात्र सुपुत्र दामोदर कौशाम्बी ( गणितमा विशिष्ट पण्डित) र जहान लगायत तीन पुत्रीहरूका साथ क्यौ हतचिन्तक मित्रहरूलाई छोडी सदाको निमित यस संसारबाट बिदा हुनुभयो। पछि वहाँको स्मरणस्वरुप एउटा स्तूप निर्माण गरिएको थियो।

वहाँको देहावसानको खबर पाउनासाथ महात्मा गान्धीले दु:खित भई ५ जून १९४७ का दिन दिल्लीको एक प्रार्थना-सभामा भन्नुभएको थियो।

'राजनीतिक क्षेत्रमें जो वडी-वडी वातें करते हैं उन्हे तो हम बहुत चढाते हैं, जो मूक सेवक है धर्मकी सेवा करते हैं उन्हे पहिचानते भी नही, जैसे एक आचार्य धर्मानन्द कौशाम्बी जीथे।...........

'ऊन्हो ने बुद्धधर्म और पालीभाषाका गहरा अध्ययन किया था। ये मेरे जैसे गरीब नहीं थे। कौशाम्बीजी स्वयं चाहते तो खुब पैसा कमा सक्ते थे पर ऊन्होने तो फकीरी पसन्दकी। काशी विद्यापीठमें गये। गुजरात विद्यापीठमें भी काम किये। वे हिन्दुस्तानको बडे विद्वानोमे से एक थे। मेरो तरह अनपढ नहीं थे।...............

'मै डिनर खाकर बैरिस्टर बना, मगर कौशाम्बीजी ने तो बहुत मेहनत करके विद्याका भण्डार इकठ्ठा किया था। .........

'आखिर वे कल चले गये। बौद्ध-धर्मका नाम लेतेलेते गये।................'

१) भगवान बुद्ध - धर्मानन्द कौशाम्वी (मूल मराठी भाषा)

- श्री पाद जोशी (हिन्दी अनुवादक)

२) बौद्ध विभूतियाँ - भिक्षु धर्म रक्षित, मनोरंजन पुस्तकालय, बनारस - १९५४

३) जो लिखना पढा - भदन्त आनन्द कौशल्यायन साहित्य निकुञ्ज प्रकाशन - १९४८

४) 'विश्ववाणी' पत्रिका- जून १९४७

# गृहस्थ जीवनय् मा:गु प्यता प्रकारया सुख

◆ अनागारिका अग्गत्राणी (धम्माचरिय)

भगवान बुद्धं अनाथपिण्डिक महाजनयात गृहस्थपिन्स यायेमा:गु प्यता प्रकारया सुख (गृही सुख) इलय् ब्यलय् उपलब्ध याना च्वनेमा: धका आज्ञा जुया विज्या:गु दु। उगु विषयय् अंगुत्तर निकाय चतुक निपात आनण्य सूत्रय् उल्लेख जुयाच्वंगु उपदेशया आधारय् थुपिं प्यता प्रकारया सुखबारे थन प्रस्तुत यायेगु मनं तुना -

गृहस्थपिन्सं इलय् ब्यलय् उपलब्ध याना च्वनेमा:गु प्यता प्रकाशया सुखत थुपि ख: -

१. अत्थि सुख (थ:के दु धयागु बिचा: यायेबले उत्पन्न जुइगु सुख)।

२. भोग सुख (उपभोग परिभोग यायेबले उत्पन्न जुइगु सुख)।

३. आनण्य सुख (ऋण मदुगुलिं उत्पन्न जुइगु सुख)।

४. अनवज्ज सुख (दोष रहित जूगुलिं उत्पन्न जुइगु सुख)।

१. अत्थि सुख:-

सुं व्यक्तियाके थ:गु ज्ञान बुद्धि छ्यूला मेहनत याना च:ति हायेका धार्मिकपूर्वक कमेया:गु कथं सम्पत्ति दया वइ। थुकथं थ:गु मेहनतं च:ति हायेका कमे यानात:गु सम्पत्ति लुमंका जिके सम्पत्ति थ्व थ्व दु थुलि दु धका बिचा: याइबले उम्ह व्यक्तियात अपार सुख अनुभव जुइ मन लय्लय् ताइ। उजागु सुखयात अत्थि सुख धाइ। धार्मिकपूर्वक न्यायपूर्वक दुगु सम्पत्तियात बिचा: याना जिके छेँ दु बुँ दु जग्गा जमीन दु लुँ वह: हिरा आदि रत्नत दु उलि दु थुलि दु धका बिचा: याइबलय् मनय् सुख अनुभव जुयाच्वनी लुदँ फुदँ जुया मन लय्ताया च्वनी। सुं व्यक्तियाके अधार्मिकपूर्वक अन्याय अत्याचार याना कतपिन्त नूगलय् स्याका, लाक्व पाक्व याना कमे यानात:गु दयेकात:गु सम्पत्ति दतधा:सा उम्ह व्यक्ति उगु सम्पत्ति दु धका मन लय्ताय् फइमखु आत्म सन्तोष काये फइमखु झन् लुमंक्व पतिकं मन झ्यातुया च्वनी सुख अनुभव याये फइमखु।

